श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

मिति २०८२ माघ १९ गते

श्री IT शाखा
प्राप्त प्रतिवेदन सार्वजनिक गर्ने ।
22/10/2082

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
दर्ता नं. ४५२२
मिति २०८२/१०/२२

**विषय : प्रतिबेदन पेश सम्बन्धमा**

**नगरसभा पहिलो बैठकको अध्यक्षता : नगर प्रमुख श्री रामलाल डगौरा थारु**

**१८ औ नगरसभा अधिबेसन प्रारम्भ :**

टीकापुर नगरपालिकाको १८ औ नगरसभा अधिबेसन २०८२ साल पौष २८ गतेका दिन सभाध्यक्ष एबम नगर प्रमुख श्री रामलाल डगौरा थारुज्यूको अध्यक्षतामा दिउसो ११:५५ बजे टीकापुर नगरपालिका वडा नं. ५ स्थित श्री टीकापुर पोलिटेक्निक इन्स्टिच्युटको सभाहलमा राष्ट्रिय गानबाट शुरुभयो / राष्ट्रिय गान पस्चात महान शहिदहरु प्रति १ मिनेट मौन धारणा गरिएको थियो/

❖ विधायन समितिका संयोजक श्री प्रेमलाल चौधरीज्यूले "टीकापुर नगरपालिकाको खानेपानी स्वच्छता तथा व्यवस्थापन विधेयक, २०८२ प्रस्तुत गर्नुभयो/ तद पस्चात सभाध्यक्षज्यूबाट उक्त विधेयक माथि सामान्य छलफलका लागि नगरसभा सदश्यज्यूहरुलाई समय प्रदान गर्नुभयो/

छलफलमा भाग लिदै :

१. नगरसभा सदश्य : श्री गणेश घर्तिमगर

- सभामा पेश भएको विधेयकमा अध्ययन बिना तत्काल राय, सुझाव दिन असम्भव हुने भएकोले अध्ययनका लागि नगरसभा सदश्यलाई विधेयकको ड्राफ्ट अग्रिम रुपमा उपलब्ध गराउन माग गर्नुभयो/
- टीकापुर नगरपालिकामा टीकापुर साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत सहरी क्षेत्रमा नगरवासीलाई खानेपानी सुविधा उपलब्ध गराई रहेको सन्दर्भमा उक्त संस्थाको कामलाई समेतलाई अनकुल हुने हुने गरि विधेयक ल्याउन उपयुक्त हुने भनाइ राख्नुभयो/
- नगरसभाबाट पारित भै कार्यान्वयनमा आई सकेका कतिपय ऐनहरु कार्यान्वयनको समयमा समस्या सृजना हुने गरेको हुँदा व्यापक छलफल पस्चात विधेयक पारित उपयुक्त हुने भनाइ राख्नुभयो /
- कार्यान्वयन पक्षलाई ध्यानमा राखी विधेयक पारित गर्न उपयुक्त हुने भनाइ राख्नुभयो /

२. नगरसभा सदश्य : श्री नरेश वि.क.

- सभाको कार्यसुची सहित अग्रिम रुपमा ड्राफ्ट नगरसभा सदश्यलाई उपलब्ध गराउन माग गर्नुभयो/

➢ सभाध्यक्षज्यूबाट "टीकापुर नगरपालिकाको खानेपानी स्वच्छता तथा व्यवस्थापन विधेयक, २०८२ अध्ययनका लागि - ७ (सात) दिनको समय उपलब्ध गराएको नगरसभा सदश्यज्यूलाई जानकारी गराउनुभयो/



CamScanner

❖ विधायन समितिका संयोजक श्री प्रेमलाल चौधरी ज्यूले " टीकापुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व व्यवस्थापन विधेयक, २०८२ प्रस्तुत गर्नु भयो /

➢ सभाध्यक्षज्यूबाट " टीकापुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व व्यवस्थापन विधेयक, २०८२ अध्ययनका लागि सभाध्यक्षज्यूबाट - ७ (सात) दिनको समय उपलब्ध गराएको नगरसभा सदश्यज्यूलाई जानकारी गराउनुभयो/

❖ नगरसभा सदश्य श्री मोहन लुहार वि.क.ज्यूले "*आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको मिति २०८२ पौष २७ गते सम्मको आय व्यय विवरण सहित समिक्षा* प्रस्तुत गर्नु भयो / तद पस्वात सभाध्यक्षज्यूबाट उक्त विधेयक माथि सामान्य छलफलका लागि नगरसभा सदश्यज्यूहरुलाई समय प्रदान गर्नुभयो/

छलफलमा भाग लिदै :

१. <u>नगरसभा सदश्य : श्री प्रेमलाल चौधरी</u>

- चालु आ.व. २०८२-०८३ का वार्षिक स्वीकृत कार्यक्रम तथा आयोजना कार्यन्वयनमा जनप्रतिनिधि र कर्मचारी विच प्रयाप्त मात्रामा समन्वय र सहकार्य हुन नसकेका कारण त्रैमासिक रुपमा प्राप्त हुनु पर्ने उपलब्ध हुनु नसकेको/

२. नगर सभा सदश्य : श्री कमला देवी वि.क.

- गीतको लयमा कार्यपालिकाको नेतृत्वको र प्रशासनिक नेतृत्वको कार्य प्रति असन्तुष्टि व्यक्त गर्नुभयो/
- वार्षिक कार्यतालिका अनुसार प्रत्येक त्रैमासिक अवधिमा संचालन हुने कार्यक्रम र योजनाको कामले किन गति लिन सकेन भन्ने धारणा राख्नु भयो /
- अर्धवार्षिक अवधि समाप्त हुँदासम्म पनि पुँजीगत खर्च न्यूनहुनुको कारण के हो भनि प्रश्न गर्नुभयो ?
- भौतिक पूर्वाधारका कामहरु ढिलासुस्ती हुनुको कारण के हो भनि प्रश्न गर्नुभयो ?
- कार्यपालिकाको नेतृत्वको टिम र प्रशासनिक नेतृत्वको टिम जनता प्रति जिम्मेवार भै विकास निर्माणका गतिविधि संचालन हुनु पर्यो /

३. <u>नगरसभा सदश्य : श्री गणेश घर्तिमगर</u>

- आयको तुलनामा खर्चको अवस्था नाजुक रहेको हुँदा सम्बन्धित पक्ष सबैको ध्यानाकर्षण गर्नुभयो /
- प्रमुख प्रशासकीय अधिकृत ज्यूको शुरुवाती कार्यसैलीको सकारात्मक मुल्यांकन गर्दै प्रशासनिक नेतृत्वको स्पिडमा हिड्न कर्मचारीहरुको महत्वपूर्ण भूमिका हुने विचार व्यक्त गर्नुभयो/
- वास्तवमै कानुन कार्यान्वयनको पाटो जटिल हुने वा सहज हुने भन्ने विषय अधिकार प्राप्त अधिकारीको कार्यसैली र व्यवहारमा भर पर्ने विषय रहेछ भन्ने कुरा प्रष्ट भयो ? किनभने विकास निर्माणका कामहरुको गति बढाउनका लागि सहजीकरण होस् भन्ने उदेश्यले केहि वर्ष अगाडी तत्कालिन प्रमुख प्रशासकीय ज्यूले आफुमा निहित अधिकारहरु मध्ये वडास्तरीय बजेटबाट संचालन हुने रु. ३ लाख सम्म बिनियोजन भएका भौतिक पूर्वाधारका आयोजनाको



CamScanner

सम्झौता सम्बन्धित वडासचिवलाई अधिकार प्रत्यायोजन गर्नु भएको थियो तर अर्को आर्थिक वर्षमा त्यो अधिकार केन्द्रीकरण गरियो /

- कर्मचारीहरुलाई फाइल बोकाउने प्रवृतिका कारण पनि पूर्वाधारका कामले गति लिन नसकेको हो कि भन्ने जिज्ञासा राख्नु भयो/
- कानुन नै वाधक भए सहजीकरणको जिम्मा जनप्रतिनिधिलाई दिन अनुरोध गर्नुभयो /
- आफु मातहतका कर्मचारीहरुलाई विश्वासका साथ जिम्मेवारी हस्तान्तरण गरि छिटो छरितो सेवा प्रवाह हुने वातावरण सृजना गर्न प्रमुख प्रशासकीय अधिकृतज्यूलाई अनुरोध गर्नुभयो/
- काम प्रति जिम्मेवार कर्मचारीको भावना मुताविक काम गर्ने वातावरण सिर्जना गरिनु पर्ने धारणा व्यक्त गर्नुभयो /
- यसरी कामको गति बढ्न सकेन भने यस वर्ष ४०% पनि खर्च हुन नसक्ने अवस्था हुन सक्छ /

✓ सभाध्यक्षज्यूबाट २०८२ पौष २७ गते सम्मको बजेटको आय व्यवको समिक्षा प्रस्तुत कर्ता नगरसभा सदश्य श्री मोहन वि.क. ज्यूलाई सभाबाट आएका प्रश्न हरुको जवाफका लागि समय प्रदान :

नगरसभा सदश्य श्री मोहन लुहार वि.क.

- टीकापुर नगरपालिकाको आ.व. २०८२/०८३ को २०८२ साल पौष २७ गते सम्मको आर्थिक अवस्थालाई मध्यनजर गर्दा विविध कारणले पुँजीगतखर्च तर्फ नाजुक अवस्था रहेता पनि आयतर्फ पोजेटिभ लयमा हिडी रहेको हुँदा सन्तोषजनक देखिन्छ/
- वास्तविक आयको गति प्रस्तावित आयको नजिक/नजिक पुगेको अवस्था छ /
- करिव २ महिना अगाडी यस कार्यालयमा हाजिर हुनु भएका प्रमुख प्रशासकीयज्यूको काम प्रतिको चासो र भौतिक पूर्वाधारका आयोजनाको गति बढाउनका लागि आफु मातहतका शाखा प्रमुख तथा वडा सचिवज्यूहरुलाई अधिकार प्रत्यायोजन गरि संघ, संस्था, क्लब, टोल विकास संस्थाबाट संचालन हुने वडा स्तरीय साना रकमका आयोजनाहरु सम्झौताको प्रक्रियमा रहेको अवस्था छ /
- नगर तथा वडा गौरवका ठुला प्रकृतिका ठेक्का लगाउनु पर्ने आयोजनाहरु ठेक्का प्रक्रियामा रहेको अव्स्था छ/
- उपभोक्ता समिति बाट संचालन हुने आयोजनाहरुको समिति गठनको काम निरन्तर अगाडी बढिरहेको अवस्था छ/

❖ नगरसभाका जेष्ठ सदश्य श्री राम बहादुर नागर्जीज्यूले " टीकापुर नगरपालिकाको आ.व. २०८२/०८३ को सेवा तथा कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२ अन्तर्गत संशोधित बजेट रु. १ अर्व ३ करोड ४१ लाख ५४ हजार ७ सय ८ रुपैया प्रस्तुत गर्नु भयो / तद पस्चात सभाध्यक्षज्यूबाट उक्त विधेयक माथि सामान्य छलफलका लागि नगरसभा सदश्यज्यूहरुलाई समय प्रदान गर्नुभयो/

छलफलमा भाग लिदै :

१. नगरसभा सदश्य : श्री गणेश घर्तिमगर

- मिति २०८२ असार १० गते बसेको सत्रौनगर सभाबाट रु. ९३,६७,९७,१२७/- बजेट पारित भएता पनि आज पेश भएको प्रस्तावित आय रु. ९८,३८,६२,५३५/- छ भने टीकापुर नगरपालिकाको आ.व. २०८२/०८३ को सेवा तथा कार्यहरुको लागि स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको



CamScanner

विधेयक २०८२ को २ (१) अनुसार संशोधित जम्मा रकम रु. १,०३,४१,५४,७०८/- उल्लेख भएको छ / यसरि बजेट वृद्धि हुनुको श्रोतको आधार सहित उक्त बजेटबाट प्रस्तावित आयोजना तथा कार्यक्रम वारे स्पष्ट परि दिन हुन अनुरोध गर्नुभयो /

➢ सभाध्यक्ष ज्यूबाट नगरसभा सदश्य-सचिव श्री सुमन धितालज्यूलाई जवाफका लागि समय प्रदान :

१. <u>नगरसभा सदश्य-सचिव श्री सुमन धिताल</u>

- पहिलो, टीकापुर नगरपालिकाको आ.व. २०८२/०८३ को २०८२ साल असारमा पेश भएको बजेटमा करिव ८ करोड समावेश हुन छुट भएकोले यस पटक बजेट वृद्धि हुन गएको हो /
- दोश्रो, गत आर्थिक वर्ष २०८१/०८२ मा निर्माण कार्य सम्पन्न भएका आयोजनाहरुको भुक्तानी दिन बाँकि रहेको र मिति २०८२ साल भाद्र ५ गते बसेको नगर कार्यपालिकाको बैठकबाट भुक्तानी दिने निर्णय भनि भएकोले करिव ३ करोड दायित्व सृजना भएकोले यस पटक बजेट वृद्धि हुन गएको हो /
- प्रदेश विभाज्य कोषबाट समेत आय अनुमान बढ्नुको कारण हो /

❖ नगरसभाका जेष्ठ सदश्य श्री राम बहादुर नागर्जीज्यूले " टीकापुर नगरपालिकाको आ.व. २०८२/०८३ को आर्थिक कार्यविधि ऐन, (संशोधन) २०८२ प्रस्तुत गर्नुभयो / तद पस्चात सभाध्यक्षज्यूबाट उक्त विधेयक माथि सामान्य छलफलका लागि नगरसभा सदश्यज्यूहरुलाई समय प्रदान गर्नुभयो/

छलफलमा भाग लिदै :

<u>१.नगरसभा सदश्य : श्री गणेश घर्तिमगर</u>

- कानुन तह सार्वजनिक शौचालय प्रयोगका लागि शुल्क लिन सम्बन्धि व्यवस्था स्पष्ट परि दिन हुन साथै यस्ता सेवामा जेष्ठ नागरिक, अशक्त/अपाङ्गलाई निशुल्क गर्न माग गर्नुभयो /

✓ सभाध्यक्ष ज्यूबाट नगरसभा जेष्ठ सदश्य श्री राम बहादुर नागर्जीलाई जवाफका लागि समय प्रदान :

<u>नगरसभा जेष्ठ सदश्य श्री राम बहादुर नागर्जी</u>

- नगरसभा सदश्यज्यूको राय, सुझावलाई मनन गरि ऐन पारित गरिने जानकारी गराउनु भयो /

*सभाध्यक्ष ज्यूबाट नगरसभाका सदश्यज्यूहरुलाई समसायिक विषयमा छलफलका लागि अनुरोध गर्नुभयो*

छलफलमा भाग लिदै :

१. <u>नगरसभा सदश्य : श्री भरत साउद</u>

- नगर सभाले नीति, कार्यक्रम बनाउदै जाने तर कार्यान्वयन पक्ष फितलो हुँदै जाने हो भने सयौ नीति बनाउनुको अर्थ छैन भन्नुभयो /
- नेपालको सिमाना छुट्याउने पिलर सहि ठाउमा नभएको /



CamScanner

- टीकापुर नगरपालिकाले प्लास्टिक जन्य नियन्त्रण कार्यविधि बनायो तर कार्यान्वयन पक्ष फितलो हुँदैछ, छिमेकी पालिकाको अवस्थालाई समेत ध्यानमा राखी नीति निर्माणको आधार बनाउनु उपयुक्त हुन्छ /
- हवाई सेवाको अवस्था वारे आम नागरिकलाई जानकारी पाउनु पर्ने जिज्ञासा राख्नु भयो /
- खानेपानी स्वच्छता विधेयक ल्याइयो तर यसको दायरा सबै नगरबासीलाई समेटेको अवस्था छ कि छैन भनि प्रश्न गर्नुभयो/
- केन्द्र सरकारले किसानका लागि धानको बिक्रि मूल्य टोक्यो, तर बिक्रि डिपोमा ७ (सात) दिनसम्म रातदिन लाइनमा बस्दा पनि किसानले सरकारले तोकेको मूल्यमा विक्री गर्न पाएन र सरकारले किसानको धान किनेन ? अन्ततह व्यापारीको मुल्यमा बिक्रि गर्न बाध्य हुनुपर्यो / स्थानीय सरकारको रुपमा रहेको टीकापुर नगरपालिकाको भूमिका के, कस्तो रह्यो ?
- किसानले सहज ढंगबाट मल पाउन नसकेका अवस्था छ /
- नाम र काम विचमा तालमेल भएन भनि प्रश्न गर्नु भयो ?

२. <u>नगरसभा सदश्य : श्री गणेश घर्तिमगर</u>

- प्रमुख प्रशासकीय अधिकृत श्री सुमन धितालज्यू यस नगरपालिका आई सके पस्चात कार्यपालिका बैठक सम्पन्न भएको महिनौ सम्म पनि निर्णय सार्वजनिक हुन नसक्ने अवस्थामा सुरुवाती चरणमा व्यापक सुधार भएको पाइयो/
- कार्यपालिका बैठक सम्पन्न भएको झन्डै २ घन्टामै बैठकका निर्णय सार्वजनिक हुनु पारदर्शितातर्फ सकारात्मक सन्देशको शुभारम्भ भएको अनुभूति गर्नु भयो /
- नगरपालिकाबाट सम्पादन भएका सेवा प्रवाहका गतिविधि, भौतिक विकासका गतिविधि, आर्थिक गतिबिधि वेभ साइडमा उपडेट हुन सकेको छैन, उपडेटलाइ निरन्तरता दिइयोस /
- कार्य सम्पन्न पस्चात भुक्तानीका लागि पेश भएका फाइलहरुको भुक्तानीको सवालमा सर्व साधारणबाट सुझाव माग्ने असल प्रयास भएको छ, तर सुझाव अनुसार कार्यान्वयनको अवस्था परिक्षणकालमा रहेको हुँदा यसको सकारात्मक वा नकारात्मक प्रभाव आगामी दिनमा औउने नै छ भन्ने विचार व्यक्त गर्नु भयो /
- नगरपालिका बाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र सहज बनाउन भौतिक पूर्वाधारका आयोजना मात्र नभएर अन्य कार्यक्रम कार्यान्वयनमा समेत अधिकार प्रत्यायोजन गरि प्रमुख प्रशासकीय अधिकृतज्यूले अनुगमन र निगरानीको भूमिकालाई प्राथमिकता दिंदा उपयुक्त हुन्छ भन्ने सुझाव दिनुभयो /
- प्रमुख प्रशासकीय अधिकृतज्यूमा रहेको कार्यबोझ घटाई मातहतमा रहेका कर्मचारीलाई सहज रुपमा काम गर्ने वातावरण सिर्जना गरि निगरानीमा जोड दिन सुझाव दिनुभयो /
- जिन्सी शाखाबाट सम्पादन हुने काममा ढिला सुस्ती भैरहेको हुँदा जनशक्ति बढाएर भए पनि जिन्सी सामग्री समयमा उपलब्ध गराउने व्यवस्था गरियोस /
- प्लास्टिक नियन्त्रणको काममा कडाइ भएन/
- सहकारी संस्थालाई समयमै व्यवस्थित गर्न जरुरि छ /
- नगरपालिकाको श्रोत साधनले जति गर्न सकिन्छ त्यत्ति सम्मको काम शुरु गरौ /



CamScanner

३. <u>नगरसभा सदश्य : श्री नरेश बि.क.</u>

- टीकापुर नगरपालिका वडा नं. १ को वडा समितिमा अस्थायी बस्तीबाट ३ जनाको प्रतिनिधत्व भएता पनि त्यो क्षेत्र आर्थिक, सामाजिक र भौतिक विकासमा पछाडी परिरहेको गुनासो गर्नु भयो /
- नगर तथा वडाबाट बिनियोजन भएका योजना तथा कार्यक्रम कार्यान्वयन हुन सकेको छैन /
- अस्थायी बस्ती "युज एण्ड थ्रो" को अवस्थामा छ /
- अस्थायी बस्तीमा संचालनमा शिक्षा, स्वास्थ्य संस्थाका पूर्वाधारका कामहरुको मर्मत हुन सकेको छैन/
- सडकको अवस्था दयनीय भएका कारण गृहिणी, वालबालिका तथा अशक्त/ अपाङ्ग व्यक्तिहरुलाइ समेत सहि समयमा पाउने सुविधाबाट बन्चित हुनुपरेको अवस्था छ /

४. <u>नगरसभा सदश्य : श्री कमला देवी बि.क.</u>

- नगरपालिकको क्षमतालाइ आंकलन गरि बार्षिक नीति, बजेट, कार्यक्रम तय गर्न उपयुक्त हुने सुझाव दिनुभयो /
- जति सकिन्छ त्यति काम आटयौ, महत्वाकांक्षी नबन्यौ भन्ने सुझाव राख्नु भयो /
- नगरपालिकाको पहलमा गत वर्ष संचालनमा आएको हवाई सेवा किन निरन्तरता हुन सकेन भनि प्रश्न राख्नु भयो/

अन्तमा सभाध्यक्ष बाट सम्बोधन :

- केन्द्र सरकारले तोकेको धानको मूल्य खरिद विक्री गर्न नगरपालिकाले सके जति सहजीकरण र सहयोग गरेको जानकारी गराउनुभयो /
- नगरपालिका बाट कार्यान्वयन हुने सबै अभियानमा नगरबासी,जनप्रतिनिधि, सामाजिक व्यक्तित्व सबै पक्षको सहयोग समन्वयको आवश्यकता पर्ने भएकोले आ-आफ्नो तर्फबाट भूमिका निभाउन अनुरोध गर्नुभयो /
- कार्यन्वयनमा आउने समस्याका सवालमा जनप्रतिनिधिको अग्रणी भूमिका हुने भएकोले आ-आफ्नो भूमिका कहाँ, के, कति रह्यौ, समिक्षा गरौ भनूभयो/
- हवाई सेवाको सन्दर्भमा संघ, प्रदेश सरकारबाट समेत बजेट बिनियोजन भएकोले गुरुयोजना पस्चात कार्यान्वयन पक्षले निरन्तरता पाउने जानकारी गराउनु भयो/
- टीकापुर शहरलाई "स्मार्ट सिटि" को रुपमा विकास गर्न नेपाल सरकारको छनौट परेको हुँदा गुलाब रोप्ने काम एउटा अंगको रुपमा लिई यस नगरपालिकाको चलाएको अभियान भएकोले यस अभियानलाई सकारात्मक रुपमा लिनुपर्ने विचार व्यक्त गर्नुभयो/
- सिमा विवादका सन्दर्भमा सहजिकरंको भूमिका निभाउने जानकारी दिनु भयो/
- संघियतामा संघ, प्रदेश र स्थानीय सरकारका अधिकारका विषयमा संबिधानमा एकल र साझा अधिकारहरु अनुसूचीमा स्पष्ट भएकोले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका बिषयमा पालिकाको क्षमताले सम्बोधन गर्न न सकिने अवस्था न रहेको जानकारी गराउनु भयो /
- सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित क्षेत्रका बस्तीका विषयमा आगामी दिनमा नगरसभाबाट कानुनि र नीतिगत रुपमा अन्तिम टुंगोमा पुग्ने जानकारी गराउनु भयो /

तद पस्चात सभाध्यक्षज्यूबाट २०८२ साल माघ ५ गते १.०० बजे सम्मका लागि अठारौ नगरसभा बैठक स्थगित भएको जानकारी गराउनु भयो /



CamScanner

**नगरसभा दोश्रो बैठकको अध्यक्षता : नगर प्रमुख श्री रामलाल डगौरा थारु**

**दोश्रो दिनको नगरसभा बैठक प्रारम्भ :**

मिति २०८२ साल पौष २८ गते स्थगित भएको टीकापुर नगरपालिकाको १८ औ नगरसभा अधिवेसन २०८२ साल माघ ५ गतेका दिन सभाध्यक्ष एबम नगर प्रमुख श्री रामलाल डगौरा थारुज्यूको अध्यक्षतामा दिउसो १:२० बजे टीकापुर नगरपालिका वडा नं. ५ स्थित श्री टीकापुर पोलिटेक्निक इन्स्टिच्युटको सभाहलमा राष्ट्रिय गानबाट शुरुभयो /

❖ " टीकापुर नगरपालिकाको खानेपानी स्वच्छता तथा व्यवस्थापन विधेयक, २०८२ माथि छलफल प्रारम्भ : सभाध्यक्षज्यूबाट उक्त विधेयक माथि छलफलका लागि नगरसभा सदश्यज्यूहरुलाई समय प्रदान गर्नुभयो/

छलफलमा भाग लिदै :

१. नगरसभा सदश्य : श्री गणेश घर्तिमगर

- टीकापुर नगरपालिकाको खानेपानी स्वच्छता तथा व्यवस्थापन विधेयक, २०८२ को दफा १८ उपदफा २ को अनुमति लिनु पर्ने व्यवस्थाका विषयमा स्पष्ट नभएकोले स्पस्ट पारी दिन अनुरोध गर्नुभयो/

२. नगरसभा सदश्य : श्री कमला देवी वि.क.

- खानेपानीको गुणस्तरमा ध्यान दिनुपर्ने भनाई राख्नु भयो /

सभाध्यक्ष ज्यूबाट विधायन समितिका संयोजक श्री प्रेमलाल चौधरीज्यूलाई जवाफका लागि समय प्रदान :

संयोजक श्री प्रेमलाल चौधरी

- टीकापुर नगरपालिकाको खानेपानी स्वच्छता तथा व्यवस्थापन विधेयक, २०८२ को दफा १८ उपदफा २ को अनुमति लिने सम्बन्धमा हस्तान्तरण पश्चात अनुमति लिने व्यवस्था गरिएको जानकारी गराउनु भयो/
- जवाफ स्पष्ट नभएको भनि नगरसभा सदश्य श्री गणेश घर्तिमगरले प्रति प्रश्न गर्नु भयो /
- यस विषयमा आगामी कार्यपालिका बैठकबाट समाबेश गर्न सकिने जवाफ दिनु भयो/

सभाध्यक्षज्यूबाट " टीकापुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व व्यवस्थापन विधेयक, २०८२ माथि भाग लिन समय प्रदान :

छलफलमा भाग लिदै :

१. नगरसभा सदश्य : श्री गणेश घर्तिमगर

- " टीकापुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व व्यवस्थापन विधेयक, २०८२ लगायतका बिभिन्न समितिको काम कर्त्यव्य र अधिकारको वारेमा ब्याख्या भए पनि ति समितिका बैठक बोलाइने विषयमा स्पस्ट नभएको भनाइ राख्नु भयो/
- समितिको संयोजक उपस्थित नभएमा वा रिक्त भएको अवस्थामा बैठकको व्यवस्थापनमा स्पष्ट नभएको भनाइ राख्नुभयो/



CamScanner

सभाध्यक्ष ज्यूबाट विधायन समितिका संयोजक श्री प्रेमलाल चौधरीज्यूलाई जवाफका लागि समय प्रदान :

संयोजक श्री प्रेमलाल चौधरी

- यस विधयेकमा राखिएका प्रावधानले सहजीकरण गर्ने उद्देश्यले राखिएको भनाइ राख्नु भयो ।

❖ लेखा समितिका संयोजक श्री संगीता ओडज्यूले "टीकापुर नगरपालिकाको लेखा समितिको वार्षिक प्रतिबेदन २०८१/०८२ देखि २०८२-०८३ प्रस्तुत गर्नुभयो/ तद पस्चात सभाध्यक्षज्यूबाट उक्त प्रतिबेदन माथि छलफलका लागि नगरसभा सदश्यज्यूहरुलाई समय प्रदान गर्नुभयो/

छलफलमा भाग लिदै :

१. नगरसभा सदश्य : श्री दिपक निशानी

- जिम्मेवारी अनुसारको समान व्यवहार नभएको भनाइ राख्नुभयो ।
- नगर प्रमुखज्यूलाई प्रतिनिधि सभा सदस्यका लागि अग्रिम शुभकामना दिनुका साथै कार्यान्वयनमा आउन नसक्ने शब्द पानामा सिमित गर्नुको अर्थ छैन यसकारण समाबेशी भन्ने शब्द हटाउन माग गर्नुभयो ।
- समाबेसीताको सिदान्त अनुसार समाबेसी व्यवहार नभएको भनाइ राख्नुभयो ।
- बिना कारण जिम्मेवार विहिन बनाउनु अधिकारको दुरुपयोग हो/
- दलित समुदाय न्युनतम आवश्यकताबाट बन्चित हुनु परेको/विभेद भएको दुखेसो व्यक्त गर्नुभयो/
- अस्थायी बस्तीमा विकल्प सहित दैनीक आवश्यकता पुरा गर्न अनुरोध गर्नुभयो/
- सुशासन शब्द नाममा मात्र सिमित रहेको अवस्था छ ।
- प्रमुख प्रशासकीय अधिकृतज्यूलाई सफलताको शुभकामना दिनुभयो/
- अन्तमा अधिकारका लागि निरन्तर प्रयास रहने प्रतिबद्दता व्यक्त गर्नुभयो/

२. नगरसभा सदश्य (लेखा समिति सदस्य) : श्री तुलसा देवी बि.क.

- ज्ञान, क्षमता र अनुभवको आधारमा जिम्मेवारी दिनु पर्ने ।
- टीकापुर नगरपालिकाबाट वार्षिक रुपमा हुने खर्चको विस्तृत रुपमा जानकारी नभएको/
- समितिका सदस्यलाई अभिमुखीकरण तालिमको अभाव रह्यौ ।
- नगरसभा सदस्यहरु अलमलको अवस्थामा रहेको ।
- सैदान्तिक रुपमा सामान्य ज्ञान भएता पनि व्यवहारिक ज्ञानको कमि ।
- समितिलाई जिम्मेवार बनाईएन ।
- क्षमताको अभाव देखियो ।



CamScanner

नगरसभा तेश्रो बैठकको अध्यक्षता : जेष्ट सदस्य श्री जयराम थारु

नगर प्रमुख श्री रामलाल डगौरा थारु :

- कार्यकालको झन्डै साढे तिन वर्षको अवधिमा टीकापुर नगरपालिकाका जनप्रतिनिधिहरु, राष्ट्र सेवक कर्मचारीहरु बाट प्राप्त सहयोग प्रति धन्यवाद दिनुभयो/
- यस नगरपालिकाले विगतमा लिएका योजना/नीति तथा कार्यक्रमलाई निरन्तरता दिने प्रयास गरियो /
- आफनो कार्यकालमा संचालन भएका योजना तथा कार्यक्रमले निरन्तरता पाउनेछ भन्ने अपेक्षा राख्नुभयो/
- जनताको घर नजिकको सरकारका रुपमा चिनिने यस नगरपालिकाका नगरबासीहरुका असिमित इच्छा र आकांक्षाका वाबजुद संबिधान तह स्थानीय तहलाई प्राप्त अधिकारको अधिनमा रही टीकापुरको समग्र विकास र विस्तारका लागि निरन्तर पहलकदमी र प्रयास गरियो /
- अघिल्लो कार्यकालमा वडा अध्यक्षको भूमिकामा रही जिम्मेवारी बहन गरियो/
- मतदाताको सहयोगले २०७९ सालमा भएको स्थानीय तहको निर्वाचनमा नगरप्रमुखको जिम्मेवारीमा रहंदा रहँदै २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी हुने इच्छा भएकोले उम्मेदवारी प्रयोजनका लागि कानुनी प्रावधानका कारण नगर प्रमुख पदबाट राजिनामा दिनु पर्ने अवस्था रहेको भनाइ राख्नुभयो /
- तद पस्चात नगरसभा समक्ष राजिनामा पत्र बाचन /

❖ राजिनामा पत्र बाचन पस्चात तेश्रो नगरसभा बैठकको अध्यक्षता श्री जयराम थारु समक्ष पेश :

- सभाध्यक्षज्यूबाट नगर प्रमुख श्री रामलाल डगौरा थारुले दिनु भएको राजिनामा नगरसभा समक्ष निर्णयार्थ पेश गर्नु भयो
- नगरसभा बैठकबाट राजिनामा स्वीकृत भयो /
- १८ औ नगरसभा बैठक समापन भएको घोषणा गर्नुभयो /

प्रतिबेदन पेश :

गम्भीर सिंह साउद

(सव-इन्जिनीयर)

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

टीकापुर, कैलाली

**१८ औ नगरसभा अधिबेसन सम्पन्न**



CamScanner